# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०८१/०८२

च नं:

मिति: २०८१/०७/१२

**व्यवसायिक ढुंगा काट्ने (Stone Cutting) उद्यम संचालन गर्नका लागि इच्छा पत्र पेश गर्ने सम्वन्धि**

**तेस्रो पटक प्रकाशित सूचना**

**तेस्रो पटक प्रकाशित सूचना मिति २०८१/०७/१२**

नेपाल सरकारको अनुरोध, वेलायत सरकार (FCDO) को आर्थिक सहायता तथा अन्तराष्ट्रिय आप्रवासन संगठन आइओएम (UN- Migration) द्वारा अन्य राष्ट्रसंघीय निकायहरु (WPF, UNICEF, UNFPA) सहितको संयुक्त पुर्नलाभ परियोजना (JRAP) अन्तर्गत भूकम्प पछिको पुर्ननिर्माण परियोजना सन्चालन गरेको छ। जाजरकोटका ७ स्थानीय तह र रुकुम पश्चिमका ६ स्थानीय तहमा संचालन गरिएको यस परियोजनाले सुरक्षित आवास निर्माण, उद्यमशीलता विकास र हरित निर्माण प्रवर्द्धन जस्ता क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराइन्छ। उक्त परियोजनाको लाभग्राही यस नलगाड नगरपालिका पनि रहने छ। परियोजनाले भूकम्प प्रभावित क्षेत्रमा सुरक्षित आवास तथा सामुदायिक संरचना निर्माण गर्दा ढुंगा माटो प्रयोग गर्ने हुँदा यी सामाग्रीको स्थानिय उत्पादन जरुरी देखिएकाले ढुंगा काट्ने मेशिन (Stone Cutter) परियोजनाले अनुदानमा उपलव्ध गराउने छ। यसरी अनुदानमा उपकरण पाएका उद्यमीवाट उत्पादित स्रोत साधनलाई पुर्ननिर्माणका लागि प्रयोग गरिने हुँदा उद्यम सुरुवात गर्न इच्छुक स्थानीयलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस नगरपालिकाको उद्यम विकास शाखामा इच्छापत्र पेश गर्नका लागि यसै सूचना मार्फत् आव्हान गरिन्छ। साथै म्याद नाघी आएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारवाही अगाडि नवढाइने व्यहोरा अनुरोध गरिन्छ।

उद्यमी वन्न इच्छुक व्यक्ति/समुहले तल उल्लेखित कागजातहरु मध्ये आफुसँग भएका जे जति कागजातहरु छन लिएर आवेदन फर्म भर्न सकिने छ । सो आवेदन फर्म नि:शुल्क हुने छ ।

- नागरिकताको प्रतिलिपि (१ थान)
- वडा कार्यालयको सिफारिस (१ थान)
- जग्गा बहालमा भए सम्झौता पत्र/जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
- स्वास्थ्य र सुरक्षा सम्वन्धी नियम, उत्पादन गुणस्तर, रोजगारी कानून र समान अधिकारसँग सम्बन्धित नियमपालन सम्वन्धि प्रतिवद्वता सहितको निवेदन

थप जानकारीको लागि सम्पर्क कार्यालय आठबीसकोट नगरपालिका वडा नम्वर ९ राडीज्यूला, मोवाइल नं ९८६१९७००२२ मा सम्पर्क राखी जानकारी लिनुहुन सूचित गरिन्छ ।

Email: sushmita.chitrakar00@gmail.comमथि उल्लिखित Email मा पनि सो निवेदन पठाउन सकिनेछ ।

..............................

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner